# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यलय, कृषि तथा पशु बिकास महाशाखा, पोखरा, कास्की

### कृषि कार्यक्रम अनुदानमा सामाग्री वितरण तथा संचालन सम्बन्धी सम्झौता पत्र

१) यो सम्झौता पत्र पोखरा महानगरपालिका कृषि तथा पशु बिकास महाशाखा प्रथम पक्ष भनिएको र श्री ........................................ फर्म, समूह वा सहकारीका श्री ........................................पोखरा महानगरपालिका वार्ड नं.........कास्की दोस्रो पक्ष बीच ५० प्रतिशत अनुदानमा कृषि सामाग्री - **असिना छेक्ने जाली/ हाते ट्रयाक्टर/ प्लाष्टिक घर निर्माण** सहयोग गर्ने उदेश्यका साथ कार्यक्रम कार्यान्वयन प्रयोजनको लागी प्रयोग गरिने छ ।

२) यो सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनें छ र यसैलाई कार्यादेश दिइएको मानिने छ ।

३) पोखरा महानगरपालिका कृषि महाशाखा ले तयार गरेको स्पेशिफिकेसन अनुसार दोस्रो पक्षले कार्य सञ्चालन गर्नुपर्नेछ ।

४) दोस्रो पक्षले सामाग्री खरिद गर्दा प्रथम पक्ष समक्ष सूचिकृत भएका पार्टीहरु मार्फत खरिद गर्नुपर्नेछ अन्य ठाउँबाट खरिद गर्नुपर्ने भएमा सो पार्टी प्रथम पक्षम समक्ष सूचिकृत भएको हुनुपर्नेछ ।

५) प्लाष्टिक घर निर्माणको लागि कम्तीमा १० मिटर लम्बाई र ५ मिटर चौडाईको हुनुपर्दछ जमिनबाट छेउ तर्फको उचाइ २.५ मिटर र बीचको उचाई ३.५ मिटर हुनुपर्दछ, छानामा सिल्पाउलिन प्लाष्टिक वा युभी प्लाष्टिक प्रयोग गर्नुपर्नेछ, खेती गर्दा प्लाष्टिक मल्चिंग तथा थोपा सेट सहितको उन्नत प्रविधि प्रयोग गर्नुपर्नेछ । नयाँ प्लाष्टिक घर निर्माणको उल्लेखित अनुसारको काम सम्पन्न गरेपछि निर्माण कार्यमा भएको खर्चको रु ३०,००० भन्दा बढीको बिलको आधारमा प्रति घर रु १५,००० भूक्तानी हुनेछ ।

६) हाते ट्रयाक्तर वा मिनी टिलरको हकमा कम्तिमा पनि ६ हर्स पावरको पेट्रोल वा डिजेल बाट चल्ने हुनुपर्नेछ, हाते ट्रयाक्टरको लागि उल्लेखित बुदा अनुसार सामाग्री लगिसकेपछि प्राप्त बिलको आधारमा ५० प्रतिशत भुक्तानी हुनेछ र अनुदान रकम बढीमा रु ३२,५०० हुनेछ ।

७) असिना छेक्ने जालीको हकमा कम्तिमा ७० जिं एस एम को ५० मिटर लम्बाइ र ६ मिटर चौडाइको हुनुपर्नेछ, असिना छेक्ने जालीको हकमा ५० प्रतिशत अनुदान र सो रकम बढीमा रु १०,००० हुनेछ ।

८) दोस्रो पक्षले सामाग्री खरिद गरी लगेपछि सो सामाग्री को अनुदान रकम प्राप्त गर्नको लागि समूह वा सहकारीले प्राप्त गरेको निर्णय, काम सम्पन्न भएको देखिने गरी आफु सहितको फोटो, कृषक विवरण, सम्बन्धित वडा कार्यलयको काम सम्पन्न सिफारिस पेश गर्नुपर्नेछ ।

९) दोस्रो पक्षले कार्यक्रम सम्पन्न गरेपछि प्रथम पक्षले दिएको विवरण अनुसार कार्यलयको नाम, कार्यक्रम र अनुदान समेत झल्किने गरी लेख्नुपर्ने वा ब्यानर राख्नुपर्नेछ ।

१०) दोस्रो पक्षले सामाग्री खरिद गरि निर्माण कार्य सकेपछि प्राप्त बिल भरपाइ, कागजात सहित दोस्रो पक्षबाट प्रथम पक्ष समक्ष पेश गरेको आवेदनको आधारमा सम्बन्धित फर्म वा समूह वा सहकारीको बैंक खातामा प्रथम पक्षले रकम उपलब्ध गराउनेछ ।

११) दोस्रो पक्षले संचालन गरेको कियाकलाप कम्तीमा पनि ५ बर्ष निरन्तरता दिनुपर्नेछ ।

१२) दोस्रो पक्षको लापरबाहीको कारणले क्षति भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयंले ब्यहोर्नु पर्ने छ ।

१३) सम्झौता भएको मितिले ३० दिन भित्र सम्पूर्ण कार्य पूर्ण रुपमा सम्पन्न गरि संचालनमा ल्याउनु पर्ने छ ।

१४) महानगर तथा वडा कार्यालयबाट अनुगमनको कममा अनुदान प्राप्त सामाग्री दोस्रो पक्षले अनियमितता गरेको पाइएमा पहिलो पक्षले प्रमाणहरु एकिन गरी दोस्रो पक्षबाट सरकारी नियमानुसार असुल उपर गरिनेछ ।

१५) यस सम्झौतामा परेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु नेपाल सरकारको बिद्यमान ऐन र नीति निर्देशिका अनुसार हुनेछन् ।

**सेवा ग्राहीको तर्फबाट, दोस्रो पक्ष**

ब्याक्तिको नाम : ..........................

फर्म, समुह, सहकारीको नाम :

दस्तखत :

संस्थाको छाप :

सम्पर्क नं :

**कार्यालयको तर्फबाट, पहिलो पक्ष**

नाम : मनहर कडरिया

पद : बरिष्ठ बागवानी बिकास अधिकृत

दस्तखत :

कार्यालयको छाप :

**रोहबर :**

दस्तखत :

नाम :